## मुक्तिनाथ दर्शन सेवा

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



## पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क १६० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असार ११ गते बिहीबार ❑ 25 June 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## माछापुच्छ्रे गाउँपालिकाको बजेट ७० करोड ४६ लाख

**पोखरापत्र संवाददाता**
पोखरा, १० असार



कास्कीको माछापुच्छ्रे गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ७० करोड ४६ लाख ७० हजार रुपैयाँको बजेट सार्वजनिक गरेको छ । गाउँपालिकाको उन्नाइसौँ गाउँसभा अधिवेशनमा उपाध्यक्ष सीता अधिकारीले उक्त बजेट प्रस्तुत गर्नु भएको हो ।

गाउँपालिकाले चालुतर्फ ४८ करोड ७७ लाख २४ हजार रुपैयाँ तथा पुँजीगततर्फ २१ करोड ६९ लाख ४६ हजार रुपैयाँ विनियोजन गरेको जनाएको छ । उपाध्यक्ष अधिकारीले प्रस्तुत गर्नु भएको बजेटमा शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, पूर्वाधार विकास तथा सामाजिक समावेशीकरणलाई उच्च प्राथमिकतामा राखिएको छ। गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि विनियोजन गरेको ७० करोड ४६ लाख ७० हजार रुपैयाँमध्ये सबैभन्दा बढी ३३ करोड ९४ लाख ९२ हजार रुपैयाँ सामाजिक विकास क्षेत्रमा विनियोजन गरेको छ । यस्तै, पूर्वाधार विकासतर्फ १५ करोड ९५ लाख ९२ हजार रुपैयाँ, गाउँपालिका तथा मातहतका कार्यालय सञ्चालन एवं व्यवस्थापनतर्फ १२ करोड ८० लाख ३३ हजार रुपैयाँ, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रतर्फ ४ करोड ६० लाख ६० हजार रुपैयाँ तथा आर्थिक विकासतर्फ ३ करोड १४ लाख ९३ हजार रुपैयाँ बजेट छुट्याइएको उपाध्यक्ष सीता अधिकारीले जानकारी दिनु भयो। स्वास्थ्य क्षेत्रमा नागरिकको पहुँच र सेवा गुणस्तर अभिवृद्धिका लागि स्वास्थ्य प्रवर्द्धन केन्द्र स्तरोन्नति, औषधि खरिद, विद्यालय स्वास्थ्य परीक्षण, महिला स्वास्थ्य स्वयंसेविका सशक्तीकरण, पाठेघर तथा स्तन क्यान्सर परीक्षण कार्यक्रम लगायतका योजना समावेश गरिएको छ।

शिक्षा क्षेत्रअन्तर्गत सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार, विद्यालय कर्मचारी तथा बालविकास सहजकर्ताको सेवा सुविधा व्यवस्थापन, प्राविधिक शिक्षामा छात्रवृत्ति तथा खेलकुद प्रवर्द्धनका कार्यक्रमलाई निरन्तरता दिइएको छ। विशेष गरी कक्षा ६ देखि १२ सम्म अध्ययनरत विद्यार्थीलाई निःशुल्क दिवा खाजा उपलब्ध गराउन विद्यालय खाजा कार्यक्रम सञ्चालन गरिने भएको छ। यस कार्यक्रमका लागि गाउँपालिकाले ६० लाख रुपैयाँ बजेट विनियोजन गरेको जनाएको छ । यसअघि संघीय सरकारले प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्म मात्र दिवा खाजा कार्यक्रम सञ्चालन गर्दै आएको छ। कृषि तथा पशुपालन क्षेत्रलाई उत्पादनमुखी र व्यावसायिक बनाउने उद्देश्यसहित आधुनिक कृषि, मौरीपालन, सिँचाइ, कृषि उत्पादन संकलन केन्द्र स्थापना, उन्नत बीउ प्रवर्द्धन तथा पशु स्वास्थ्य कार्यक्रम सञ्चालन गरिने भएको छ।

गाउँपालिकाले पशुपक्षी क्षेत्रमा आहारा उत्पादन उद्योग स्थापना गर्ने नयाँ कार्यक्रम समेत अघि सारेको छ। प्रदेश सरकार तथा निजी क्षेत्रसँगको साझेदारीमा सञ्चालन हुने उक्त उद्योग स्थापनाका लागि आगामी आर्थिक वर्षमा ५० लाख रुपैयाँ बजेट विनियोजन गरिएको उपाध्यक्ष अधिकारीले जानकारी दिनु भयो ।

उद्योग सञ्चालनमा आएपछि स्थानीयस्तरमै पशुपक्षी आहाराको उत्पादन हुने, कृषकको उत्पादन लागत घट्ने तथा रोजगारी सिर्जनामा टेवा पुग्ने अपेक्षा गरिएको छ । पर्यटन क्षेत्रको विकासका लागि पदमार्ग निर्माण, पर्यटकीय पूर्वाधार विस्तार, पर्यटन उद्धार जनशक्ति उत्पादन, घले गुरुङ संग्रहालय निर्माण तथा पिपर पिजेन्ट कन्जर भेसन ल्याण्डस्केपको प्रवर्द्धनका कार्यक्रम बजेटमा समेटिएका छन् । गाउँपालिकाले खुमै, कोर्चाङ, तातोपानी, लम्पुसलगायत पर्यटकीय क्षेत्रको प्रवर्द्धनमा जोड दिएको छ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत केशव सुवेदीका अनुसार बजेटले सीमित स्रोतसाधनका बाबजुद उत्पादन, रोजगारी सिर्जना र सेवा प्रवाह सुधारलाई प्राथमिकता दिइएको बताउनु भयो । गाउँपालिकाले आगामी वर्षका लागि आन्तरिक राजस्वबाट ४ करोड ६० लाख रुपैयाँ उठाउने लक्ष्य लिएको छ भने संघीय र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा राजस्व बाँडफाँटमार्फत बजेट व्यवस्थापन गर्ने जनाएको छ । यसअघि गाउँपालिका अध्यक्ष मीनबहादुर गुरुङले वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नु भएको थियो।

## कृषि पर्यटन प्रवर्द्धन गर्न असारे रोपाइँ महोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, १० असार

कृषि, पर्यटन र मौलिक संस्कृतिको प्रवर्द्धन गर्ने उद्देश्यले पोखरामा २१औँ संस्करणको असारे रोपाइँ महोत्सव आयोजना गरिने भएको छ।

पोखरा पर्यटन परिषद्ले यही असार १४ गते पोखरा महानगरपालिका-३० देउराली खोलाको छेउमा 'पोखरा सबै मौसमका लागि' नारासहित महोत्सव आयोजना गर्न लागेको हो। हरेक वर्ष राष्ट्रिय धान दिवसका अवसरमा असार १५ गते रोपाइँ महोत्सव गर्ने गरिए पनि यस वर्ष पूर्णिमा परेको र कृषकले हल गोरु नचलाउने परम्परा रहेकाले एक दिन अघि सारिएको हो ।

महोत्सवमार्फत स्वदेशी तथा विदेशी पर्यटकलाई नेपाली असारे रोपाइँ संस्कृतिको प्रत्यक्ष अनुभव गराउने लक्ष्य रहेको परिषद्ले जनाएको छ । महोत्सवबारे जानकारी दिन आज आयोजित पत्रकार सम्मेलनमा परिषद्का अध्यक्ष तारानाथ पहारीले भारतीयसहित विभिन्न मुलुकका पर्यटकको सहभागिता रहने अपेक्षा गरिएको बताउनुभयो । उहाँले परम्परागत धानखेती प्रणालीको संरक्षण, कृषिप्रति युवापुस्ताको आकर्षण अभिवृद्धि तथा कृषि पर्यटनको विकासका लागि महोत्सवलाई निरन्तरता दिइएको जानकारी दिनुभयो। "पोखरा भ्रमण वर्षलाई सफल बनाउने, गण्डकी प्रदेशमा आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने तथा नयाँ पुस्तालाई मौलिक कृषि संस्कृतिसँग जोड्ने महोत्सवको उद्देश्य छ", अध्यक्ष पहारीले भन्नुभयो । महोत्सवका संयोजक तथा परिषद्का महासचिव जीवनराज सापकोटाले विदेशी पर्यटकलाई धान रोपाइँ, हिलो खेल तथा ग्रामीण जीवनशैलीको अनुभव गराउने विशेष कार्यक्रम समावेश गरिएको बताउनुभयो । कृषि र पर्यटनलाई एकै सूत्रमा जोड्दै स्थानीय उत्पादन, संस्कृति र जीवनशैलीको प्रवर्द्धनमा महोत्सवले योगदान पुऱ्याउने उहाँको भनाइ छ। पोखरा-३० का वडाध्यक्ष दुर्गाप्रसाद सुवेदीले महोत्सवले लेखनाथ क्षेत्रसहित पोखराका अन्य पर्यटकीय गन्तव्यको प्रचारप्रसारमा सहयोग पुग्ने बताउनुभयो। पोखरा महानगरपालिकाको आर्थिक विकास महाशाखाका प्रमुख मनहर कडरियाले महोत्सवले स्थानीय आर्थिक गतिविधि र पर्यटन व्यवसायलाई चलायमान बनाउन मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो । महोत्सवमा हिले फुटबल, पत्रकार हिले दौड, माछा समाउने प्रतियोगिता, धान रोपाइँ प्रतियोगिता, रस्साकस्सी, साउने प्रतियोगिता तथा विभिन्न सांस्कृतिक कार्यक्रम आयोजना गरिने आयोजकले जनाएको छ। दुई दशकभन्दा बढी समयदेखि सञ्चालन हुँदै आएको असारे रोपाइँ महोत्सव पोखराको कृषि संस्कृति तथा पर्यटन प्रवर्द्धनलाई जोड्ने विशिष्ट कार्यक्रमका रूपमा स्थापित हुँदै आएको छ । रोपाइँ महोत्सवमा आन्तरिकसहित विदेशी पर्यटक उल्लेख्य रुपमा सहभागी हुँदै आएका छन् ।

## रास्वपा केन्द्रीय सदस्यका लागि ३८४ जनाको उम्मेदवारी

**रासस**
चितवन, १० असार

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को प्रथम महाधिवेशनमा पहिलो चरणको उम्मेदवारको नामावली सार्वजनिक गरिएको छ।

उनान्सय जना केन्द्रीय सदस्यका लागि उम्मेदवारी दिएका उम्मेदवारको नामावली सार्वजनिक गरिएको हो। पार्टीको केन्द्रीय निर्वाचन आयोगसँगै रहनुभएका रास्वपा चितवनका नेता नेत्र लामिछानेका अनुसार पहिलो चरणको केन्द्रीय सदस्यको निर्वाचनमा ३८४ जनाले उम्मेदवारले आफ्नो उम्मेदवारी दर्ता गराएका छन् । जसमा खुलातर्फ २१० जनाको उम्मेदवारी परेको छ

बाँकी अन्तिम पृष्ठमा ▶▶

## रास्वपाको नौ मन्त्री केन्द्रीय सदस्यको प्रतिस्पर्धामा

**रासस**
काठमाडौं, १० असार

राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)को चितवनको भरतपुरमा जारी प्रथम राष्ट्रिय महाधिवेशनअन्तर्गत केन्द्रीय समितिको निर्वाचनका लागि वर्तमान मन्त्रिपरिषद्का नौ जना सदस्यहरूले उम्मेदवारी दिनुभएको छ । प्रारम्भिक सूचीअनुसार अर्थमन्त्री डा स्वर्णिम वाग्लेले गण्डकी प्रदेश खुलातर्फबाट उम्मेदवारी दिनुभएको छ।

परराष्ट्रमन्त्री शिशिर खनालले खुलातर्फ, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले बागमती प्रदेश खुलातर्फ र कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले बागमती प्रदेशतर्फबाट उम्मेदवारी दिनुभएको छ।

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक तथा सामाजिक सुरक्षामन्त्री सीता वादीले कर्णाली भूगोलतर्फ, स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले कोशी भूगोलतर्फ, शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले खुला केन्द्रीय सदस्यतर्फ तथा कृषि, वन तथा वातावरणमन्त्री गीता चौधरीले सुदूरपश्चिम खुलातर्फ केन्द्रीय सदस्यका लागि उम्मेदवारी दिनुभएको छ । युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले खुला मधेसी समूहबाट केन्द्रीय सदस्यमा उम्मेदवारी दिनुभएको छ।

प्रथम महाधिवेशनमार्फत रास्वपाले नयाँ नेतृत्व चयन गर्न केन्द्रीय समितिका विभिन्न पद तथा सदस्यका लागि निर्वाचन प्रक्रिया अघि बढाएको जनाएको छ । प्रारम्भिक सूचीअनुसार केन्द्रीय समितिमा विभिन्न क्लस्टरबाट ३८४ जनाले उम्मेदवारी दिएका छन् ।


## मधुमेह (डायबिटिज) रोगबाट बचौं

**शरीरमा चिनीको मात्रा बढी हुँदा मधुमेह हुन सक्छ,**

**मधुमेहले,**

- ◆ विभिन्न अंगमा क्षति पुर्याउन सक्छ,
- ◆ मुटु र मिर्गौलामा क्षति पुर्‍याउन सक्छ,
- ◆ अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ ।

**मधुमेहबाट बच्न,**

- ◆ शरीरको तौल सन्तुलित राखौ,
- ◆ चिल्लो तथा चिनीजन्य पदार्थको सेवन कम गरौं,
- ◆ जंकफूड तथा तारेका, भुटेका र प्रशोधित खानाहरु नखाऔं,
- ◆ धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- ◆ रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔ,

नियमित स्वास्थ्य परीक्षण गरौ. मधुमेहबाट बचौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



## गुटउपगुट अन्त्य भयो: शाह

**रासस**
चितवन, १० असार

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेता एवं प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहाकार असिम शाहले पार्टीमा कुनै गुटउपगुट नभएको बताउनुभएको छ । रास्वपाको महाधिवेशनस्थलमा बुधबार पत्रकारसँग कुराकानी गर्दै उहाँले पार्टीमा कुनै गुट उपगुट छैन भन्नुभयो ।

उहाँले भन्नुभयो, "सभापति रवि लामिछानेको प्रस्तावक नै वरिष्ठ नेता वालेन्द्र शाह बसेपछि गुटको चर्चा अन्त्य भएको छ ।" उहाँले सभापतिको प्रस्तावक स्वयं प्रधानमन्त्री भएपछि यो गुट, उपगुट भन्ने कुरा यही सकिएको बताउनुभयो । उहाँले थप्नुभयो, "पार्टीमा कुनै गुट छैन, कुनै समूह छैन ।"

संविधान संशोधन कार्यदलको संयोजक रहनुभएका साहले संविधान संशोधन राष्ट्रिय सहमतिअनुसारनै हुने बताउनुभयो। उहाँले भन्नुभयो, "दलको आ-आफ्नो धारणा हुन्छ । बहसपत्र तयार गरिसकेपछि हामी त्यसमा अगाडि बढ्छौं । सय दिनभित्रमा हामीले संविधान संशोधन बहस पत्र तयार गर्छौं ।"

# ओलम्पिक दिवसमा भूतपूर्व खेलाडी मञ्चलाई प्रतिष्ठित एनओसी प्रेजिडेन्सियल सम्मान

**पोखरापत्र संवाददाता**
गण्डकी, १० असार

अन्तर्राष्ट्रिय ओलम्पिक दिवस २३ जुन २०२६ को अवसरमा नेपाल ओलम्पिक कमिटीले प्रदान गर्ने प्रतिष्ठित एनओसी प्रेजिडेन्सियल सम्मान बाट नेपाल भूतपूर्व खेलाडी मञ्च सम्मानित भएको छ।

नेपाली अग्रज खेलाडिहरुको छाता संस्था नेपाल भूतपूर्व खेलाडी मञ्चले पोखरामा रही विगत २५ बर्ष देखि समाजमा खेल संकृतिको विकास, ओलम्पिक अभियानको प्रवर्द्धन तथा खेलकुदका बिबिध गतिविधिको विस्तारमा निरन्तर योगदान पुर्‍याउँदै आएको मञ्चलाई कमिटीले आफ्नो चौथो अवार्ड समारोहका अवसरमा काठमाडौँमा



आयोजित विशेष कार्यक्रममा उक्त सम्मान प्रदान गरेको हो। नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठलगायतले मञ्चलाई सम्मान प्रदान गरेका थिए। मञ्चका अध्यक्ष दिल बहादुर गुरुङ अनुसार खेलकुदको क्षेत्रमा दीर्घकालीन योगदानको उच्च मूल्याङ्कन गर्दै मञ्चलाई सम्मान गरिएकोमा खुसि ब्यक्त गरे । पोखरा अन्तर्राष्ट्रिय म्याराथनको आयोजक संस्थाका रूपमा परिचित नेपाल भूतपूर्व खेलाडी मञ्चले खेलकुदमार्फत स्वस्थ जीवनशैलीको प्रवर्द्धन, नयाँ खेल प्रतिभाको विकास तथा ओलम्पिक मूल्य-मान्यताको विस्तारमा निरन्तर रुपमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको छ। सोहि अवसरमा नेपाल भूतपूर्व खेलाडी मञ्चका आजीवन सदस्य तथा पोखराका फोटो पत्रकार सुदर्शन रञ्जित लाई 'एनओसी बेस्ट क्यामेरापर्सन अवार्ड २०२६' बाट सम्मान गरिएको थियो। सम्मान कार्यक्रममा नेपाल भूतपूर्व खेलाडी मञ्चका अध्यक्ष दिलबहादुर गुरुङ, पूर्व अध्यक्ष तेजबहादुर गुरुङ, निवर्तमान अध्यक्ष हरिप्रसाद पराजुली, उपाध्यक्ष कृष्ण तिमिल्सिना, सचिव महेश पौडेल लगायतको सहभागिता रहेको थियो।

# पठन संस्कृति विनाको ज्ञान अधुरो हुन्छ: पोखरा १३ मा शैक्षिक अन्तरसंवाद

**पोखरापत्र संवाददाता**
गण्डकी, १० असार

वर्तमान समयमा दिनानुदिन घट्दै गइरहेको पठन संस्कृतिको विकास र संवर्द्धनका लागि पोखरा महानगरपालिका वडा नं. १३ मा एक महत्वपूर्ण शैक्षिक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

वडा शिक्षा समितिको आयोजनामा "पठन संस्कृतिको विकास" भन्ने मूल उद्देश्यका साथ आयोजित उक्त कार्यक्रममा वडाभित्रका सामुदायिक तथा संस्थागत विद्यालयका प्राचार्य, प्रधानाध्यापक, शिक्षक तथा स्थानीय सामाजिक र शैक्षिक क्षेत्रका व्यक्तित्वहरूको बाक्लो उपस्थिति रहेको थियो । कार्यक्रममा पूर्व शिक्षा सचिव एवं शिक्षाविद् खगराज बराल र 'साहित्य पोष्ट' का प्रधान सम्पादक अश्विनी कोइरालाले सहजकर्ताको रूपमा मुख्य प्रस्तुति राख्नुभएको थियो। बरालले वर्तमान समयमा पठन संस्कृति हराउँदै जाँदा मानिसमा मानवता र नैतिकता समेत ह्रास हुँदै गएकोमा चिन्ता व्यक्त गर्नुभयो। उहाँले पठन संस्कृतिको



जग कक्षाकोठाबाटै बसाल्नुपर्ने र अबोध बालबालिकालाई अध्ययन कार्यमा समाहित गराउने मुख्य जिम्मेवारी शिक्षककै काँधमा रहेको प्रष्ट पार्नुभयो। "शिक्षकले केवल कक्षामा गएर पढाउने मात्र होइन, सर्वप्रथम आफैँले पढेर मात्र पढाउने बानीको विकास गर्नुपर्छ। शिक्षकले पुस्तक पढ्ने बानीलाई आफ्नो व्यवहारमा उतार्दै समाजलाई समेत यसको महत्व बुझाउनु आवश्यक छ," बरालले भन्नुभयो। उहाँले थप्दै प्रत्येक शिक्षकले वर्षमा कम्तीमा एक-दुईवटा नयाँ पुस्तक अनिवार्य पढ्नुपर्ने र आफ्ना विद्यालय एवं वरपरका शैक्षिक गतिविधिहरूलाई लेखन गर्ने बानी बसाल्नुपर्ने कुरामा जोड दिनुभयो।

साहित्य पोष्टका प्रधान सम्पादक कोइरालाले पठन संस्कृति विनाको ज्ञान अपुरो र अधुरो हुने बताउनुभयो। आफ्नो जापान बसाइका अनुभवहरू स्मरण गर्दै उहाँले प्रविधिको युगमा पठन संस्कृतिलाई जोड्न आफूले डिजिटल एपको निर्माण गरेको र यसबाट देशैभरका थुप्रै विद्यार्थीहरू लाभान्वित भइरहेको जानकारी दिनुभयो । उहाँले वडाका विद्यालयहरूलाई पनि उक्त प्रविधिको लाभ लिन अनुरोध गर्नुभयो। वर्तमान समयमा शिक्षण सिकाइलाई दिगो बनाउन र विद्यार्थीहरूलाई असल सामाजिकीकरण गराउन पठन संस्कृति अपरिहार्य रहेको उहाँको भनाइ थियो । अन्तरसंवाद कार्यक्रममा सहभागी शिक्षकहरू शान्ति केसी, प्रदिप भण्डारी, बावुराम सुवेदी, वेदबहादुर वस्ती, किरण अधिकारी, विमल बहादुर बराल, विष्णु दाहाल, विष्णु तिमिल्सिना, रीत गुरुङ, हिमाल गुरुङ लगायतले पठन संस्कृतिको विकासमा भोग्नुपरेका व्यावहारिक चुनौती र जिज्ञासाहरू राख्नुभएको थियो, जसको सहजकर्ता द्वयले स्पष्ट पार्नुभएको थियो।

कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै वडा शिक्षा समितिका शैक्षिक समन्वय संयोजक राजेन्द्र भण्डारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो भने जनप्रतिनिधिहरू रजनी परियार, सुचिता तामाङ लगायत थुप्रै वक्ताहरूले रचनात्मक अन्तरसंवादमा भाग लिनुभएको थियो । कार्यक्रममा वडाभित्रका १५ वटै विद्यालयका प्रधानाध्यापक तथा प्रतिनिधि तथा शिक्षकहरूको सक्रिय सहभागिता थियो।

कार्यक्रमका अध्यक्ष एवं वडा नं. १३ का वडाध्यक्ष तथा शिक्षा समितिका अध्यक्ष किरण बरालले वडाले पठन संस्कृति र शैक्षिक सुधारका यस्ता रचनात्मक कार्यक्रमहरूलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले आजको बसाइ र सिकाइलाई व्यावहारिक रूपमा थोरै भए पनि प्रयोगमा ल्याउन सबै विद्यालय र शिक्षकहरूलाई आग्रह गर्नुभयो । कार्यक्रम छोटो समयको भए तापनि कार्यक्रम उपलब्धिमूलक र भविष्यका लागि मार्गदर्शक बनेको सहभागीहरूले बताएका छन्। यसले आगामी दिनमा अझ परिष्कृत रूपमा अघि बढ्ने प्रेरणा दिएको निष्कर्ष निकालिएको छ।


## Embassy of India
## Kathmandu (Nepal)

सत्यमेव जयते

# Vacancy Announcement
## Pokhara

1. Regional Centre ECHS Nepal, Defence Wing, Embassy of India invites applications for the following posts at ECHS Polyclinic, Pokhara :-
   - (i) Gynaecologist - 01
   - (ii) Medical Officer - 02
   - (iii) Radiologist - 01
2. For qualification, work experience, salary, terms & conditions and other details, see website www.indemb-kathmandu.gov.in
3. Applications to be submitted at the following address till 05 Jul 2026.

**OIC ECHS Polyclinic Pokhara,**
**c/o PPO Pokhara**
**Embassy of India, Pokhara**
**Phone: 061-430232**
**mail: oicpolypok.kathmandu@mea.gov.in**


## रास्वपा ...

भने भूगोलतर्फ १७४ जनाको उम्मेदवारी परेको छ । एउटा प्रदेशबाट पाँच जना निर्वाचित हुनेछन् । सात प्रदेशबाट ३५ जना निर्वाचित हुनेछन् भने ६४ जना खुलाका लागि २१० जनाको उम्मेदवारी परेको हो। लामिछानेका अनुसार सुदूरपश्चिम प्रदेशमा १८ जना, मधेस प्रदेशमा २० जना, लुम्बिनी प्रदेशमा ३१ जना, कोसी प्रदेशमा २० जना, कर्णाली प्रदेशमा ३१ जना, बागमती प्रदेशमा २७ जना र गण्डकी प्रदेशमा २७ जनाको उम्मेदवारी परेको छ । उहाँका अनुसार प्रारम्भिक नामावली सार्वजनिक गरिएको हो । नामावली सार्वजनिकसँगै दाबी विरोधका लागि समय दिइएको छ। यसपछि उम्मेदवारको अन्तिम नामावली सार्वजनिक गरिनेछ।

लामछिनेले अन्तिम नामावली विद्युतीय मतदान उपकरणमा प्रविष्ट गरेपछि बुधबार राति नै निर्वाचन गर्ने तयारी गरिएको जानकारी दिनुभयो । सभापतिमा रवि लामिछाने निर्विरोध निर्वाचित भइसक्नुभएको छ।

# फेवातालमा बेपत्ता युवकको शव फेला

**पोखरापत्र संवाददाता**
पोखरा, १० असार

कास्कीका पोखरा महानगरपालिका-६ स्थित फेवातालमा पौडी खेल्ने क्रममा डुबेर बेपत्ता भएका एक जनाको शव सशस्त्र प्रहरीको गोताखोरले फेला पारेको छ । सोही महानगरपालिका-१५ रामबजार बस्ने १९ वर्षीय अमर थापा क्षेत्री आज साँझ ७:०० बजे फेवातालमा पौडी खेल्ने क्रममा डुबेर बेपत्ता भएका थिए।

घटनाबारे जानकारी पाउनासाथै सशस्त्र प्रहरी बल, नेपाल नं २४ कालिका गण कास्कीबाट उनको खोजीकार्यको लागि गोताखोरसहितको टोली परिचालन भएको थियो। टोलीले फेवातालको करिब २५ फिट गहिराइबाट उनको शव बाहिर निकालेको सशस्त्र प्रहरीका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिनुभयो।

# होटल संघ पोखराका कार्यालय प्रमुख रामप्रसाद खनालको निधन

**पोखरापत्र संवाददाता**
पोखरा, १० असार

होटल संघ पोखरा नेपालका कार्यालय प्रमुख रामप्रसाद खनालको निधन भएको छ।

पर्यटन क्षेत्रसँग लामो समयदेखि आबद्ध खनालको अचानक मस्तिष्कघातबाट उपचार गर्ने क्रममा निधन भएको संघले जनाएको छ। गोरखाको आरुघाट स्थायी घर भएका ४१ वर्षीय खनाल जाऔँ है पोखरा अभियानका क्रममा पाल्पा पुगेका बेला आइतबार अचानक मस्तिष्कघातबाट गम्भीर बिरामी हुनु भएको थियो । उपचारका लागि भैरहवास्थित युनिभर्सल कलेज अफ मेडिकल साइन्समा भर्ना गरिए पनि उपचारकै क्रममा बुधबार उहाँको निधन भएको होटल संघ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले बताए।

होटल संघ पोखरा नेपालले बुधबार शोक विज्ञप्ति जारी गर्दै खनालको निधन प्रति गहिरो दुःख व्यक्त गर्दै संस्थालाई स्तब्ध, मर्माहत र अपूरणीय क्षति पुगेको उल्लेख गरेको छ। संस्थाले कर्तव्यनिष्ठ, मेहनती र सबैसँग आत्मीय सम्बन्ध कायम गर्न सक्ने व्यक्तित्वका रूपमा खनाल रहेको स्मरण गरेको छ।

संघले दिवंगत खनालप्रति श्रद्धाञ्जली अर्पण गर्दै उहाँको आत्माको चिरशान्तिको कामना समेत गरेको छ। साथै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गरिएको छ। खनालका श्रीमती र एक छोरी छन्। उहाँको असामयिक निधनले परिवार मात्र होइन, पोखराको पर्यटन तथा होटल क्षेत्रले एक इमानदार, मिलनसार र कर्मशील सहयात्री गुमाएको संघले जनाएको छ।

पर्यटन प्रवर्द्धनका विविध गतिविधिमा सक्रिय भूमिका निर्वाह गर्दै आएका खनालको निधनले पोखराका पर्यटन क्षेत्रमा अपूर्ण क्षति भएको व्यवसायीहरुले बताएका छन्।

# राष्ट्रिय बक्सिङ प्रतियोगितामा सहभागी हुने खेलाडीहरू काठमाडौं प्रस्थान

**पोखरापत्र संवाददाता**
पोखरा, १० असार

विहिबारदेखि काठमाडौंमा सञ्चालन हुने राष्ट्रिय बक्सिङ प्रतियोगितामा सहभागी हुने गण्डकी प्रदेशका खेलाडीहरूको टोलीलाई बुधबार पोखराबाट विदाई गरिएको छ।

पोखरा रङ्गशालामा आयोजित कार्यक्रममा गण्डकी प्रदेश बक्सिङ सङ्घका अध्यक्ष विद्या मर्यानी, पोखरा महानगरपालिका वडा नं. ९ का अध्यक्ष दिपेन्द्र मर्यानी, जिल्ला खेलकुद विकास समिति कास्कीका अध्यक्ष मिलन गुरुङ तथा प्रदेश खेलकुद परिषद्का सदस्य इन्द्रा मल्ल लगायतले खेलाडी तथा प्रशिक्षकहरूलाई सफलताको शुभकामना दिँदै विदाई गर्नु भएको हो।

गण्डकी प्रदेशका प्रशिक्षक लोकबहादुर गुरुङको नेतृत्वमा टोली आजै काठमाडौं प्रस्थान गरेको छ। प्रतियोगितामा पुरुषतर्फ पाँच तथा महिलातर्फ तीन तौल समूहमा गरी ९ जना खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । नेपाल बक्सिङ सङ्घको आयोजनामा हुने उक्त प्रतियोगितामा सातै प्रदेश र तीन विभागीय टोलीसहित १० टोलीबीच प्रतिस्पर्धा हुने छ। विदाई कार्यक्रममा बोल्दै वडा अध्यक्ष दिपेन्द्र मर्यानीले गण्डकी प्रदेशको गौरव बढाउने खेलाडीहरूलाई नगद पुरस्कार प्रदान गर्ने घोषणा



गर्नुभयो । उहाँले स्वर्ण पदक विजेतालाई जनही १५ हजार रुपैयाँ, रजत पदक विजेतालाई १० हजार रुपैयाँ तथा कास्य पदक विजेतालाई ५ हजार रुपैयाँ प्रदान गरिने बताउनुभयो। टोलीमा राष्ट्रिय खेलाडी किरण बिके समेत सहभागी हुनुहुन्छ। विगत नौ वर्षदेखि बक्सिङ खेलमा सक्रिय बिकेले २०८०/८१ मा चितवनमा सम्पन्न राष्ट्रिय प्रतियोगितामा स्वर्ण पदक जित्नुभएको थियो भने नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा कास्य पदक प्राप्त गर्नुभएको थियो। उहाँले विभिन्न राष्ट्रिय तथा प्रदेशस्तरीय प्रतियोगितामा समेत उत्कृष्ट प्रदर्शन गर्दै आउनुभएको छ । महिलातर्फ अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गरिसकेकी ६० केजी तौल समूहकी निशिका गुरुङसहित देविका गुरुङ र जोशिका श्रेष्ठ टोलीमा सहभागी हुनुहुन्छ । पुरुषतर्फ राजेश पाण्डे, साहिल लिम्बु,, निशान गुरुङ, अमिश थापा, किरण बिके र सौगात गुरुङले आ-आफ्नो तौल समूहमा प्रतिस्पर्धा गर्नेछन् । टोलीको सहायक प्रशिक्षकमा अपिल क्षत्री रहनु भएको छ। गण्डकी प्रदेश बक्सिङ सङ्घले प्रतियोगितामा प्रदेशका खेलाडीहरूले उत्कृष्ट प्रदर्शन गर्दै पदक जित्ने विश्वास व्यक्त गरेको छ।






फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरिन्छु।
- जर्ज बार्बर

## सम्पादकीय

# पुनः रविकै नेतृत्वमा रास्वपा

राष्ट्रिय स्वतन्त्र पार्टीको चितवनमा भइरहेको प्रथम महाधिवेशनबाट रवि लामिछाने निर्विरोध सभापति निर्वाचित भएका छन्। देशको ठूलो र सत्तारूढ दल रास्वपाको नेतृत्व पुनः सभापति रवि लामिछानेकै काँधमा आएको छ। चार वर्षअघि आफ्नै नेतृत्वमा स्थापना भएको पार्टीको पहिलो महाधिवेशनले लामिछानेलाई निर्विरोध निर्वाचित गराएको छ। लामिछाने नै सभापति हुने पार्टी भित्र समझदारी थियो। केन्द्रीय निर्वाचन आयोगका प्रमुख भुवन केसीले लामिछाने निर्विरोध निर्वाचित भएको जानकारी दिए।

प्रधानमन्त्रीसमेत रहेका वरिष्ठ नेता बालेन शाहको प्रस्ताव र ५१ जना सदस्यहरूको समर्थनमा लामिछाने निर्विरोध निर्वाचित भएको निर्वाचन समितिले जानकारी गराएको छ। '५१ जना केन्द्रीय समिति, सांसद र सचिवालय सदस्य सबैले समर्थन गरेर रविलाई निर्विरोध निर्वाचित गराए एकताको सन्देश दिएका छन्। सभापतिमा उठ्छु भन्नेलाई प्रतिनिधि नै बनाइएन। २०७९ साल असार ७ गते रास्वपाको विधिवत् स्थापना गरिएको थियो। स्थापनाको ६ महिनामा नै भएको निर्वाचनमा २० सिट ल्याएर चौथो शक्तिको रूपमा उदाएको रास्वपा अहिले दुई तिहाइ बहुमत लिएर सिंहदरबारमा छ। लामिछानेकै नेतृत्वमा २०८२ फागुन २१ मा भएको निर्वाचनमा १८२ सिट ल्याएर यो मुलुककै शक्तिशाली पार्टी बनेको छ।

पार्टी स्थापनापछि चार वर्षमा सत्ता र मुद्दा-मामिलाको झमेलामा नै रविको जीवन बितेको छ। २०७९ मंसिर ४ को निर्वाचनपछि पुस १० मा बनेको पुष्पकमल दाहाल नेतृत्वको सरकारमा उनी शक्तिशाली गृहमन्त्री भएका थिए। दोहोरो नागरिकतासम्बन्धी मुद्दामा सर्वोच्च अदालतले दोषी करार गरेपछि २०७९ माघ १३ गते उनी पदमुक्त भए। अमेरिकी नागरिकता त्यागेर नेपाली नागरिकता प्राप्तिका लागि प्रक्रिया नमिलेको सर्वोच्चको फैसलाका कारण उनले पार्टी र सरकारको पद गुमाउनु परेको थियो।

नागरिकतासम्बन्धी प्रक्रिया पूरा गरेपछि चितवन-२ मा २०८० वैशाख १० गते भएको उपनिर्वाचनमा रवि फेरि उम्मेदवार बने। उनी पहिलेको तुलनामा लोकप्रिय मत बढाउँदै ५४ हजार २ सय ७६ मतसहित विजयी भए। १३ महिनापछि रवि पुरानै हैसियतमा २०८० फागुन २१ गते सरकारमा सहभागी भए। २०८२ सालमा भएको निर्वाचनमा रविले चितवन-२ बाटै ५४ हजार ४ सय २ मत ल्याएर तेस्रो पटक विजयी भएका थिए। महाधिवेशनको बन्दसत्रमा सभापति लामिछानेले वैचारिक एवं राजनीतिक दस्तावेज पेस गरेका थिए। लामिछानेले यसअघि पार्टीले अवलम्बन गर्दै आएको 'संवैधानिक समाजवाद' को अवधारणालाई पुनर्विचार गर्दै सामाजिक लोकतन्त्रलाई नयाँ राजनीतिक मार्गदर्शनका रूपमा प्रस्ताव गरेका छन्।

संविधानलाई समयअनुसार संशोधन गर्नुपर्ने राजनीतिक सहमतिको दस्तावेजका रूपमा व्याख्या गर्दै त्यसलाई नै स्थायी 'वाद' वा राजनीतिक सिद्धान्तका रूपमा स्वीकार गर्नु उपयुक्त नहुने निष्कर्ष लामिछानेको प्रतिवेदनमा छ। 'आज हामी संविधानलाई नै 'वाद' वा सिद्धान्तका रूपमा अंगीकार गर्नु उपयुक्त नहुने निष्कर्षमा पुगेका छौं,' प्रतिवेदनमा भनिएको छ, 'यसको अर्थ संविधानप्रतिको अस्वीकार्यता कदापि होइन। देशको संविधान र दलको नीति, विचार तथा सिद्धान्त दुई अलग विषय हुन्।'

मुलुकको वर्तमान आर्थिक-सामाजिक अवस्था, नागरिकको अपेक्षा तथा प्राप्त राजनीतिक उपलब्धिको स्थायित्व र सुदृढीकरणको आवश्यकतालाई आधार बनाएर सामाजिक लोकतन्त्रलाई मूल राजनीतिक सिद्धान्तका रूपमा अघि बढाउने निष्कर्ष रास्वपाको छ। सामाजिक लोकतन्त्र विचारधाराको सैद्धान्तिक अवधारणाभित्र रहेर स्वतन्त्रता, समृद्धि, सुशासन र सामाजिक न्याय सुनिश्चित गर्नका लागि पाँच मूल आधारस्तम्भ प्रस्ताव गरिएको छः

- प्रतिस्पर्धात्मक उदार अर्थतन्त्र
- विधिको शासन र संस्थागत पद्धति
- जनउत्तरदायी सरकार
- लोककल्याणकारी राज्य
- समन्यायिक समावेशी समाज

पाँचवटै आधार स्तम्भलाई प्रतिवेदनमा विस्तृत रूपमा उल्लेख गरिएको छ। रास्वपाको वैचारिक अस्पष्टताको खोजी गरी पार्टीको मूल राजनीतिक सिद्धान्त सामाजिक लोकतन्त्र बनाइने र आगामी सम्पूर्ण दस्तावेजहरूमा यसलाई समावेश गरिने प्रतिवेदनमा उल्लेख छ। रास्वपाको नीति सभापति लामिछानेले पेश गरेको प्रतिवेदनअनुसार हुने हुँदा नीति र नेतृत्व लिने अवसर पाएका छन्। अब रास्वपा लामिछानेकै नेतृत्वमा चल्ने महाधिवेशनले फैसला गरेको छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : मानसिक तनाव |
| मिथुन | : शत्रुको भय | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : कार्यमा सफलता | मकर | : व्यापारमा लाभ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# ज्येष्ठ नागरिकको आँखाको शल्यक्रिया

**पोखरापत्र संवाददाता**
दमौली, १० असार

व्यास नगरपालिकाका १३ जनाको आँखाको निःशुल्क शल्यक्रिया गरिएको छ।

मोतियाबिन्दु रोगका कारण समस्यामा परेका १३ जना ज्येष्ठ नागरिकको आँखाको मङ्गलबार हिमालय आँखा अस्पताल, घारीपाटन पोखरामा शल्यक्रिया गरिएको नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख प्रमोद सोतीले जानकारी दिनुभयो।

शल्यक्रियापछि ज्येष्ठ नागरिकले पुनःस्पष्ट रूपमा देख्न पाएको भन्दै खुसी व्यक्त गरेका छन्। उहाँहरूले उपचारका लागि आवश्यक समन्वय, व्यवस्थापन तथा सहयोग गरेकामा व्यास नगरपालिकाप्रति आभार व्यक्त गर्नुभएको छ। स्वास्थ्य शाखा प्रमुख सोतीले ज्येष्ठ नागरिकको स्वास्थ्य संरक्षणलाई प्राथमिकतामा राखेर नगरपालिकाले विभिन्न स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएको बताउनुभयो। व्यास नगरपालिकाले जलेश्वर ज्येष्ठ नागरिक सेवा केन्द्र व्यास-१ को सहकार्यमा सञ्चालन गरेको आँखा परीक्षण शिविरबाट मोतियाबिन्दु पहिचान भएका ज्येष्ठ नागरिकलाई शल्यक्रियाका लागि आवश्यक सम्पूर्ण व्यवस्थापन तथा सहजीकरण गरेको थियो।

# पोखरामा निट्को नयाँ शोरुम मालेपाटनमा

**पोखरापत्र संवाददाता**
पोखरा, १० असार



पोखरा ५ मालेपाटनमा निट्को नयाँ शोरुम सञ्चालनमा ल्याएको छ।

पोखरामा एक दशक भन्दा बढि समय देखी निर्माण सामग्रीहरुको ब्यबसाय संचालन गर्दै ओम लक्ष्मी ट्रेडसले निट्को नयाँ शोरुम सञ्चालनमा ल्याएको हो। युवा व्यवसायी मनोज अधिकारी, एकनारायण सुबेदी र डिल्लीराम पौडेलले भारती टायल तथा मार्वल कम्पनी निट्लाई पोखरा ल्याएर हुन्। शोरुमको पोखरा उद्योग बाणिज्य संघका अध्यक्ष गोकर्ण कार्की र निट्को कम्पनीका महाप्रबन्धक धर्मेन्द्र कुमार ठाकुरले उद्घाटन गरे।

निट् कम्पनीको पोखरामा संचालनमा आएको नयाँ बिक्रि कक्षको उद्घाटन गर्दै अध्यक्ष कार्कीले निट् कम्पनीका उत्पादनहरु गुणस्तरीय र भरपर्दो रहेको बताउँदै पोखरामा मनोज अधिकारी सहितको समुहलाई साथमा लिएर निट्को कम्पनीले ब्यबसाय संचालनमा ल्याएकोमा खुसि प्रकट गरे। उनले निट्को कम्पनीले सहि व्यक्ति छनोट गरेर ब्यबसाय बिस्तार गरेको समेत बताए। निट्को कम्पनीका महाप्रबन्धक धर्मेन्द्र ठाकुरले आफ्नो कम्पनीले बिगत ७० बर्षदेखी गुणस्तरीय मार्बल र टायलको बिक्रि वितरण गर्दै आएको बताए। उनले नेपालमा हालसम्म दुईवटा मात्र बिक्रिकक्ष संचालनमा रहेकोमा बिस्तारै अन्य स्थानमा पनि संचालनमा ल्याइने बताए। उनले भारतको पुरानो कम्पनीको रुपमा रहेको निट्को कम्पनीका बिभिन्न उत्पादन बिक्रि गर्नको लागी भारतमा ३ सय ८० वटा बिक्रि कक्ष बताए। नेपालमा काठमाडौं पछि पोखरामा सञ्चालनमा ल्याएको उनको भनाई छ। कम्पनिले भारतीय टायल तथा मार्बल कम्पनीहरु मध्ये गुणस्तरीय सामान उत्पादन गर्ने कम्पनीको रुपमा रहेको उनको भनाई छ।

कार्यक्रममा निट्को टायल कम्पनीका एरिया म्यानेजर उत्तम रिमाल, पोखरा हार्डवयर एसोसिअसनका सल्लाहकार एबम पुर्व अध्यक्ष रामचन्द्र थापा, ओमलक्ष्मी इन्टरप्राइजेजका संचालक एकनारायण सुबेदी, डिल्लीराम पौडेल लगाएतले गुणस्तरीय सामग्रीहरु नेपाल आएको र त्यसलाई स्तरीय सेवा प्रदान गर्ने बताए। पोखराको जिरो किलोमिटर नजिक पोखरा बाग्लुङ राजमार्गमा निट्कोको नयाँ शोरुम अर्थात बिक्रि कक्ष संचालनमा ल्याएको छ। संचालक मनोज अधिकारीले शोरुम स्थापनाका लागि करिब ४ करोड ५० लाख रुपैयाको लगानी गरेको बताए। उनीहरुको समुहले ११ बर्षदेखी ओमलक्ष्मी ट्रेडिगबाट निर्माणका अन्य सामग्रीहरुको बिक्रि बितरण गर्दै आएका छन्। नयाँ शोरुममार्फत ग्राहक गुणस्तरीय टायल, मार्बल तथा निर्माण सामग्रीहरू सहज, विश्वसनीय र प्रतिस्पर्धी मूल्यमा उपलब्ध गराउने सञ्चालक मनोज कुमार अधिकारीले बताए। उनले उत्कृष्ट सेवा, ग्राहक सन्तुष्टि र दीर्घकालीन विश्वासलाई संस्थाको मुख्य प्राथमिकताका रूपमा अघि बढाइने प्रतिबद्धता व्यक्त गरे।

# मुस्ताङमा पाँच पत्रकार सम्मानित

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १० असार

पर्यटन प्रवर्द्धनमा उल्लेखनीय योगदान पुर्‍याएको भन्दै यहाँका स्थानीय चार जना पत्रकारलाई जनही रु १५ हजार नगदसहित मुस्ताङमा सम्मान गरिएको छ।

घरपफोङ गाउँपालिकाको अठारौँ गाउँसभामा मुस्ताङ जिल्ला संवाददाता सुन्दरकुमार थकाली र सुशीलबाबु थकाली, यमीगरी हिमालपारीको आवाज साप्ताहिक पत्रिकाका संवाददाता भीमबहादुर रसाइली, मुस्ताङ साप्ताहिक एवं नेपाल पत्रकार महासङ्घ मुस्ताङ शाखाका अध्यक्ष सुनदेवी रसाइली र मोडिफिकेशन जोमसोमका पत्रकार नीरज थकालीको कदर गरिएको हो।

सम्मानित पत्रकारलाई जिल्ला समन्वय समिति (जिसस) मुस्ताङका प्रमुख माया गुरुङ, गाउँपालिका अध्यक्ष मोहनसिंह लालचन, उपाध्यक्ष जमुना थकाली र प्रमुख प्रशासक अधिकृत भीमकुमार बस्नेतले संयुक्त रुपमा दोसल्ला ओढाएर सत्कार गर्नुभएको थियो।

# पीएल सिंह टी-२० क्रिकेटमा पोखरा र वीरगञ्ज विजयी

**रासस**
काठमाडौं, १० असार

पीएल सिंह मेमोरियल टी-२० क्रिकेटमा पोखरा र वीरगञ्ज महानगरपालिका विजयी भएका छन्।

कीर्तिपुरस्थित त्रिवि अन्तराष्ट्रिय क्रिकेट मैदानमा जारी प्रतियोगिताअन्तर्गत बुधबार सम्पन्न खेलमा पोखरा र वीरगञ्ज महानगरपालिका विजयी भएका हुन्। पोखरा महानगरपालिकाले भरतपुर महानगरपालिकामाथि ६ विकेटको जित निकाल्यो। उक्त खेलमा भरतपुर महानगरपालिकाले टस जितेर पहिला ब्याटिङ गर्दै १८.४ ओभरमा सबै विकेट गुमाएर १२३ रन मात्र बनाउन सक्यो।

भरतपुरका लागि शुभ कंसाकारले २२ बलमा ३० रनको सर्वाधिक योगदान दिए। यस्तै सूर्यान्शु कोइरालाले १७, गौतम केसीले १७ र योगेशबहादुर भाटले १७ रन जोडे। बलिङतर्फ पोखराका सुदीप अर्याल, अपराजित पौडेल, कृष्ण पौडेल र सुवास भण्डारीले दुई विकेट लिए।

एक सय २४ रनको विजयी लक्ष्य पोखरा महानगरपालिकाले १८.१ ओभरमा चार विकेट गुमाउँदै पूरा गऱ्यो। पोखराको जितमा मुस्कान थापा मगरले उत्कृष्ट इनिङ खेल्दै ४६ बलमा अविजित ५१ रनको अर्धशतकीय पारी खेले। उनी खेलको 'प्लेयर अफ दी म्याच' घोषित भए। यसैगरी आजै भएको अर्को खेलमा वीरगञ्ज महानगरपालिकाले विराटनगर महानगरपालिकालाई ५८ रनले हरायो। वीरगञ्जले टस जितेर पहिला ब्याटिङ गर्दै निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १३५ रन बनायो। वीरगञ्जका लागि अलराउन्डर पवन सर्राफले आक्रामक ब्याटिङ गर्दै ४४ बलमा ६३ रनको उत्कृष्ट अर्धशतकीय पारी खेले। यस्तै अनिलकुमार साहले १७ रनको योगदान दिए। बलिङतर्फ विराटनगरका लागि प्रतीक पोखरेल र दिपेश कँडेलले दुई-दुई विकेट लिए। एक सय १३६ रनको लक्ष्य पछ्याएको विराटनगरको पारी १८ ओभर खेल्दै मात्र ७७ रनमा समेटियो। विराटनगरका लागि प्रेम कामतले अविजित २३ रन र दिपेश कँडेलले १५ रन बनाए।

बलिङतर्फ वीरगञ्जका विशाल पटेलले ४ ओभरमा मात्र १० रन खर्चेर ४ विकेट लिए। पवन सर्राफले ४ ओभरमा १५ रन खर्चेर ३ विकेट लिए। ब्याटिङ र बलिङ दुवै विधामा उत्कृष्ट खेल प्रदर्शन गरेका वीरगञ्जका पवन खेलको 'प्लेयर अफ दी म्याच' चुनिए।

यही असार ५ गतेदेखि त्रिभुवन विश्वविद्यालय अन्तराष्ट्रिय क्रिकेट मैदानमा प्रतियोगिता सञ्चालन भएको हो। काठमाडौं महानगरपालिकाले आयोजना गरेको अन्तर महानगर टि-२० प्रतियोगिताको विजेताले रु ११ लाख र उपविजेताले रु पाँच लाख पुरस्कार प्राप्त गर्नेछ।

# धौलागिरिको ४८ करोड ५२ लाखको बजेट पारित

**पोखरापत्र संवाददाता**
म्याग्दी, १० असार

म्याग्दीको धौलागिरि गाउँपालिकाले पूर्वाधार विकासलाई प्राथमिकतामा राख्दै आगामी आर्थिक वर्ष २०८३/८४ का लागि रु ४८ करोड ५२ लाख तीन हजारको बजेट पारित गरेको छ।

गाउँपालिकाको केन्द्र मुनामा आज सम्पन्न २६ औं गाउँसभामा उपाध्यक्ष रेशम पुन मगरले प्रस्तुत गर्नुभएको बजेट सभाले पारित गरेको हो। बजेटले शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, पूर्वाधार र रोजगारीलाई समृद्ध धौलागिरि निर्माणको आधारका रूपमा अघि सारेको छ। गाउँपालिकाका सबै बस्तीलाई सडक सञ्जालसँग जोड्ने, सडकलाई बाह्रै महिना सञ्चालनयोग्य बनाउने, खानेपानी, सिँचाइ र ग्रामीण विद्युतीकरणका अधुरा आयोजना सम्पन्न गर्ने तथा पर्यटन र उद्यमशीलता प्रवर्द्धनमार्फत रोजगारी सिर्जना गर्ने विषयलाई समेटिएको अध्यक्ष प्रेमप्रसाद पुनले बताउनुभयो।

पूर्वाधार विकासतर्फ रु ११ करोड ६५ लाख विनियोजन गरिएको छ। यसअन्तर्गत भेडीखाल्टा गाउँलाई सडक सञ्जालमा जोड्न रु एक करोड छ लाख, निर्माणाधीन गाउँपालिका प्रशासकीय भवन सम्पन्न गर्न रु एक करोड ५० लाख, हेम माध्यमिक विद्यालयमा दशकोठे भवन निर्माणका लागि रु ५० लाख तथा गाउँपालिका क्षेत्रका सडकलाई बाह्रै महिना सञ्चालनयोग्य बनाउन सडक सरसफाइ शीर्षकमा रु एक करोड विनियोजन गरिएको छ। त्यसैगरी लुलाङ-गुर्जा सडक स्तरोन्नतिका लागि प्रदेश र गाउँपालिकाको साझेदारीमा रु एक करोड बजेट व्यवस्था गरिएको छ।

ताकम ढल व्यवस्थापन योजनाका लागि रु एक करोड र ताकम माविको छात्रावास भवन निर्माणका लागि रु ४० लाख विनियोजन भएको छ।


आर्थिक विकासतर्फ रु एक करोड चार लाख, सामाजिक विकासतर्फ रु २२ करोड २४ लाख ६० हजार, वन, वातावरण तथा विपद् व्यवस्थापनतर्फ रु ८५ लाख तथा संस्थागत विकास, सेवा प्रवाह र सुशासनतर्फ रु १२ करोड ७३ लाख ४३ हजार विनियोजन गरिएको छ।


सङ्घीय र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँट, आन्तरिक आय तथा सञ्चित कोषको नगद मौज्दातलाई स्रोतका रूपमा उपयोग गरी बजेट कार्यान्वयन गरिने प्रमुख प्रशासकीय अधिकृत बिष्णुप्रसाद शर्माले बताउनुभयो।

धौलागिरिले पूर्वाधार विस्तारसँगै कृषि आधुनिकीकरण, पर्यटन प्रवर्द्धन, गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा विस्तार र डिजिटल प्रविधिमैत्री सेवा प्रवाहलाई समेत बजेटको प्राथमिकतामा राखेको जनाएको छ।

# पातञ्जल योग समितिद्वारा बृहत योग जागरण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, १० असार



पातञ्जल योग समिति गण्डकी प्रदेशको आयोजनामा अन्तर्राष्ट्रिय योग दिवसको अवसर पारेर आइतबार बृहत योग शिविर कार्यक्रम गरि मनाइयो।

'स्वास्थ्य बृद्धाअवस्थाका लागि योग' मूल नाराका साथ पोखरा-५ मालेपाटनमा आयोजित उक्त योग जागरण कार्यक्रममा गण्डकी प्रदेशका आर्थिक मामिला मन्त्री जीत शेरचनले मानव जीवनलाई दीर्घकालसम्म स्वस्थ्य र आनन्दित तुल्याउन योग विद्या अपरिहार्य भएको धारणा राख्नुभयो।

पातञ्जल योग समिति गण्डकी प्रदेशका अध्यक्ष विश्व प्रधानको सभापतित्वमा भएको उक्त कार्यक्रममा करिब ३ सय जना योग साधकहरुको सहभागिता थियो। कार्यक्रममा योगसाधक पातञ्जल योग समितिका केन्द्रीय उपाध्यक्ष कमला गुरुङ र सपना गुरुङले योग प्रशिक्षण दिनुभएको थियो भने स्वागत भाषण पातञ्जल योग समिति कास्कीका सल्लाहकार मुक्ति पनेरु तथा कार्यक्रमको सञ्चालन प्रदेशका सचिव नवराज पौडेलले गर्नुभएको थियो।

# अन्तरराष्ट्रिय हवाई सञ्जालमा जोडिँदै पोखरा

**राम थापा**
गण्डकी, ८ असार



फ्लाइ दुबईले आगामी असोज ७ गतेदेखि पोखरा-दुबई सिधा उडान सेवा सुरु गर्दैछ । विश्वव्यापी हवाई ट्रान्जिट हब दुबईसम्मको सिधा उडानले पोखरालाई अन्तरराष्ट्रिय हवाई सञ्जालमा जोड्ने छ। सञ्चालनमा आएको तीन वर्ष बितिसक्दासमेत पोखराअन्तरराष्ट्रियविमानस्थलबाट नियमित अन्तरदेशीय उडान हुन सकेको थिएन ।

सन् २०२५ को मार्चमा हिमालय एयरलाइन्सले पहिलोपटक पोखरा-ल्हासा नियमित व्यावसायिक उडान सुरू गरे पनि यात्रु सङ्ख्या न्यून हुँदा उक्त उडान सेवा हाल स्थगन छ । पोखरा-दुबई उडान पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट हुन लागेको दोस्रो व्यावसायिक उडान हो । यसअघि चीन, भारत र भुटानका विभिन्न गन्तव्यमा चार्टर उडान भने हुँदै आएको थियो । पोखरा अन्तरराष्ट्रिय विमानस्थलका महाप्रबन्धक जगन्नाथ निरौलाले दुबई-पोखरा-दुबईको उडान तालिका स्वीकृत भएसँगै फ्लाई दुबईले टिकट बुकिङ खुला गरिसकेको बताउनुभयो। “पोखराको अन्तरराष्ट्रिय हवाई पहुँच विस्तारमा यो महत्वपूर्ण उपलब्धि हो, यसले सिङ्गो गण्डकी प्रदेश र मुलुकलाई नै प्रत्यक्ष लाभ पुग्छ”, उहाँले भन्नुभयो, “पोखरादेखि दुबई भएर युरोप, अमेरिकालगायत विभिन्न गन्तव्य मुलुकमा जाने यात्रुलाई धेरै सहजता थपिन्छ, यात्राअवधि छोटिँदा खर्च पनि घट्छ ।”

पर्यटकीय राजधानीसमेत रहेको पोखरासहित यहाँका पर्यटकीय क्षेत्रको घुमफिरका लागि विदेशी पर्यटकहरु सिधैँ पोखरा आउन सक्ने महाप्रबन्धक निरौलाले बताउनुभयो । वैदेशिक राजगोरी, अध्ययन, घुमफिर आदिका लागि अरब मुलुकसहित अन्य देशमा जाने यात्रु तथा सर्वसाधारणका लागि पोखरा-दुबई उडान सेवा लाभदायी हुने देखिएको छ। विश्वकै व्यस्त र महत्वपूर्ण मानिने हवाई ट्रान्जिट हब दुबईमा हुने उडानले अन्तरराष्ट्रिय क्षेत्रमा पोखराको सिधा हवाई पहुँच पुग्ने पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले बताउनुभयो । उहाँका अनुसार फ्लाइ दुबई र इमिरेट्स एयरलाइन्सबीच रणनीतिक कोडसेयर साझेदारीअन्तर्गत पोखरा-दुबई उडान सेवा सञ्चालन हुनेछ । पोखरादेखि अष्ट्रेलिया, युरोप वा अमेरिकी सहरहरुमा पुग्ने यात्रुहरुले एउटै टिकटबाट यात्रा गर्न सक्ने र गन्तव्यसम्म पुग्दा कुनै झण्झट नुहने प्रमुख आचार्यले बताउनुभयो । इमिरेट्स एयरलाइन्सले दुबई अन्तरराष्ट्रिय विमानस्थलको टर्मिनल ३ लाई आफ्नो प्रमुख हब बनाएर विश्वका छ वटा महादेशका ७६ देशमा रहेका १४३ भन्दाबढी देशहरुमा जोड्दै आएको उहाँको भनाइ छ। पोखरा अन्तरराष्ट्रिय विमानस्थलका महाप्रबन्धक निरौलाले एयरलाइन्सहरुबीच हुने कोडसेयर साझेदारीले यात्रुको ट्रान्जिटलाई सहज बनाउने बताउनुभयो । “पोखरादेखि दुबई हुँदै अन्य देशमा जाने यात्रुहरु एउटै टिकटबाट यात्रा गर्न सक्छन्, लगेज आफैँ सार्नुपर्ने झण्झट पनि हुँदैन”, उहाँले भन्नुभयो, “दुबईसम्म एउटा विमानले यात्रु बोक्छ, त्यहाँ ट्रान्जिटपछि अर्को विमानले गन्तव्यमा पुऱ्याउँछ ।”पोखरा-दुबई उडानका लागि गत जेठ २५ गते नेपाल नागरिक उड्डयन प्राधिकरणले फ्लाई दुबईलाई अनुमति दिएको थियो । त्यसअघि फ्लाई दुबईको टोलीले पोखरा अन्तरराष्ट्रिय विमानस्थलको उच्चस्तरीय सुरक्षा, सेफ्टी तथा सञ्चालनसम्बन्धी निरीक्षण गरेको थियो । सरकारले आगामी आव २०८३/८४ को नीति तथा कार्यक्रममा पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा अन्तरराष्ट्रिय वायुसेवा प्रदायकलाई आकर्षित गर्न कूटनीतिक पहल गर्ने जनाएको केही समयमै फ्लाई दुबईले उडान अनुमति पाएको हो । विमानस्थलका महाप्रबन्धक निरौलाले पोखराबाट उडान सेवा सुरु गर्न एयर अरेबियाले चासो देखाएको बताउनुभयो। “पोखराबाट अन्तरराष्ट्रिय उडान सञ्चालनको दिगोपनाका लागि निजी क्षेत्रलगायत सबै पक्षको सकारात्मक सहयोगको खाँचो छ”, उहाँले भन्नुभयो, “पोखराबाट नियमित अन्तरराष्ट्रिय उडान हुँदा मुलुकको पर्यटन र अर्थतन्त्रमा ठूलो टेवा पुग्छ, सर्वसाधारण यात्रुहरुले सहज सुविधा पाउँछन् ।” पोखरा अन्तरराष्ट्रिय विमानस्थल नेपालको तेस्रो अन्तरराष्ट्रिय हवाई प्रवेशद्वारका रहेको छ। काठमाडौँ केन्द्रित रहेको हवाई चापलाई विकेन्द्रीकरणसँगै पर्यटन प्रवर्द्धन र आर्थिक गतिविधिका लागि पोखरा अन्तरराष्ट्रियविमानस्थलबाटनियमित अन्तरदेशीय उडान हुनुपर्ने आवाज उठ्दै आएको छ। दुबईसँग प्रत्यक्ष हवाई सम्पर्क स्थापित हुँदा मध्यपूर्व, युरोप, अफ्रिका लगायतका ३०० भन्दा बढी सहरहरूसँग पोखराको पहुँच पुग्ने जनाइएको छ।

झण्डै रु २२ अर्ब ऋणमा बनेको यस विमानस्थल हाल आन्तरिक उडानमा मात्र सीमित छ । सन् २०२३ को जनवरी १ मा यस विमानस्थलको उद्घाटन गरिएको थियो । स्वदेशी वायुसेवा प्रदायक कम्पनीले पोखराअन्तरराष्ट्रियविमानस्थलबाट सङ्घीय राजधानी काठमाडौँ, भरतपुर, भैरहवालगायतकागन्तव्यमा आन्तरिक उडान गर्दै आएका छन् । पोखरामा अन्तरराष्ट्रिय विमानस्थल बनाउने ५० वर्षअघिको योजनाले सार्थकता पाए पनि विमानस्थल पूर्ण रूपमा सञ्चालनमा आउन सकेको छैन । अन्तरराष्ट्रिय विमानस्थल बनेपछि ठूलो सङ्ख्यामा विदेशी पर्यटक भित्रने आशमा रहेका पर्यटन व्यवसायी विमानस्थलबाट नियमित अन्तरराष्ट्रिय उडानको पर्खाइमा छन् ।

पोखरा-दुबई सिधा उडानले पोखरा र सिङ्गो गण्डकी प्रदेशको आर्थिक समृद्धिको ढोका खुल्ने उद्योग वाणिज्य महासङ्घ, गण्डकीका अध्यक्ष नरेश कँडेलले बताउनुभयो । “गण्डकी प्रदेशबाट मध्यपूर्वका देशदेखि युरोप, अमेरिकासम्म रोजगार र अध्ययनका लागि जानेको सङ्ख्या ठूलो छ”, उहाँले भन्नुभयो, “पोखरा-दुबई उडानले ती यात्रुलाई घर आउन सहज र कम खर्चिलो बन्नेछ, पोखरालगायत आसपासका गन्तव्यमा आउने पर्यटक अब सिधैँ पोखरा आउन पाउँछन् ।”

# ‘यामाहा ब्लु फेस्ट’ थप ३ दिन शनिबारसम्म सञ्चालन हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १० असार

पोखरा रंगशाला गेट नं.२ स्थित खेल मैदानमा सञ्चालन भइरहेको ‘यामाहा ब्लु फेस्ट’ ग्राहकको उत्साहजनक सहभागिता र बढ्दो मागका कारण थप तीन दिन लम्ब्याइएको छ।

यही असार ३ गतेदेखि सुरु भएको नेपालकै ठूलो एक्सचेन्ज अभियानका रूपमा प्रचार गरिएको उक्त महोत्सव अब असार १३ गतेसम्म सञ्चालन हुने भएको कम्पनीले जनाएको छ। यामाहा मोटरसाइकल तथा स्कुटर हरूको मुख्य आपूर्तिकर्ता एम.ए.डब्लु. राइड्स प्रालि. तथा पोखराको आधिकारिक विक्रेता एम.ए.डब्लु. इन्टरप्राइजेज प्रालिको संयुक्त आयोजनामा महोत्सव सञ्चालन भइरहेको छ।

आयोजकका अनुसार पछिल्ला दिनमा ग्राहकको उल्लेखनीय सहभागिता देखिएपछि धेरैलाई अवसर प्रदान गर्ने उद्देश्यले महोत्सवको अवधि थप गरिएको हो । महोत्सवमा यामाहाको सर्वाधिक माइलेज दिने ७१.३३ किलोमिटर प्रतिलिटर क्षमताको रे जेडआर स्कुटरदेखि १४९ सिसीको एफजेड सिरिज तथा १५५ सिसी क्षमताका शक्तिशाली र उच्च प्रदर्शनयुक्त मोटरसाइकलका विभिन्न मोडल खरिद गर्न सकिनेछ। महोत्सवमा ग्राहकलाई आकर्षक नगद छुट, हाई भ्यालु एड-अन सुविधा तथा निःशुल्क एसेसरिज प्याकेज उपलब्ध गराइएको छ। साथै दुई वर्षसम्मको सवारी कर निःशुल्क र पाँच वर्षसम्म निःशुल्क सर्भिस सुविधासमेत प्रदान गरिने आयोजकले जनाएको छ । कार्यक्रमको अर्को विशेष आकर्षण ‘स्पट एक्सचेन्ज’ तथा सहज र सहुलियतपूर्ण ब्याजदरमा फाइनान्ससुविधारहेकोछ। “यामाहा लैजाऔँ, घरमा नागरिकताकै भरमा” योजनाअन्तर्गत ग्राहकले सरल प्रक्रियामार्फत मोटरसाइकल तथा स्कुटर खरिद गर्न सक्ने व्यवस्था गरिएको छ।

एम.ए.डब्लु. राइड्सका सिनियर म्यानेजर भगवान विजुक्छे ले ग्राहकको उत्साहले अपेक्षाभन्दा राम्रो प्रतिक्रिया प्राप्त भएकाले महोत्सव थप गरिएको बताए। उनले भने, “पोखरा तथा आसपासका ग्राहकबाट अत्यन्त उत्साहजनक सहभागिता प्राप्त भएको छ । धेरै ग्राहकले समय अभावका कारण महोत्सवमा सहभागी हुन नसकेको जानकारी गराएपछि उहाँहरूलाई अवसर दिन हामीले तीन दिन अवधि थप गरेका हौँ। यामाहा खरिद वा एक्सचेन्ज गर्न चाहने ग्राहकका लागि यो उत्कृष्ट अवसर हो ।”

महोत्सवमा हरेक दिन डोरप्राइज वितरण गरिनुका साथै निःशुल्क टेस्ट राइड तथा स्लो राइड प्रतियोगिता सञ्चालन भइरहेको छ । सहभागीहरूलाई आकर्षक उपहारसमेत प्रदान गरिने जनाइएको छ।

आयोजकका अनुसार जुनसुकै कम्पनी तथा ब्रान्डका मोटरसाइकल र स्कुटर एक्सचेन्ज गर्न सकिनेछ। यामाहा सवारीसाधनलाई यामाहासँग साटफेर गर्दा सवारी कर क्लियर भएको अवस्थामा न्यूनतम ५० हजार रुपैयाँ मूल्यांकन गरिनेछ भने अन्य ब्रान्डका सवारीसाधनको हकमा न्यूनतम २५ हजार रुपैयाँ मूल्यांकन सुनिश्चित गरिएको छ।

त्यसैगरी, बम्पर उपहारअन्तर्गत एक जना भाग्यशाली ग्राहकले एप्पलको आईफोन १७ प्रो म्याक्स जित्ने अवसर प्राप्त गर्नेछन् । आयोजकले असार १३ गतेसम्म सञ्चालन हुने ‘यामाहा ब्लु फेस्ट’ मा सहभागी भई एक्सचेन्ज, खरिद तथा विभिन्न विशेष अफरहरूको लाभ लिन सम्पूर्ण ग्राहकलाई आग्रह गरेको छ।

## संस्थाको नाउँमा रहेको गैहबैंकिङ सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्रीको ५ दिने सार्वजनिक सूचना

**सातौं पटक प्रकाशित मिति २०८३/०३/११ गते**

यस कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. पोखरा १३, को नाउँमा रहेको तपसिल बमोजिमको अचल सम्पत्ती सहकारी ऐन तथा नियमावलीले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रद्वारा बिक्री गरिने भएको हुँदा लिन ईच्छुक व्यक्ति तथा संस्थाहरुले यस संस्थाबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपशिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ५ दिनभित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु छैठौं दिनका दिन खोलिने हुँदा तपशिलमा उल्लेखित मिति, समय र संस्थाको कार्यालय पोखरा-१३ कुँडहर स्थित कार्यालयमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता, बोलपत्रवाला तथा सम्बन्धित सबैलाई सूचित गरिन्छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन। बिक्री गरिने अचल सम्पत्तिको विस्तृत विवरण तपसील बमोजिम उल्लेख गरिएको छ।

| क्र.सं. | जग्गाधनीको नाम | कित्ता नं. | क्षेत्रफल | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १. | कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड | १७५ | १४५.४० वर्ग मी. | पोखरा-०९, कास्की | मिति २०७९/०३/३१ मा लिलाम सकार दाखिला खारेज भई आएको |

**लिलाम बिक्रीको शर्त तथा बन्देजहरु :**

१. बोलपत्र फारम यस कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय समय भित्र दस्तुर रु १,०००/- (फिर्ता नहुने) बुझाई बोलपत्र फारम प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइ सक्नु पर्नेछ। म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन संस्था विदा परेमा विदाको लगतै संस्था खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ। सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगतै संस्था खुलेको दिन कारोवार गरी बोलपत्र खोल्न सकिनेछ।
४. बोलपत्रमा आफूले खरिद गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा खरिद गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ।
५. बोलपत्रमा आफूले कबोल गरेको रकमको न्यूनतम १० प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप यस संस्थाको नाममा खिचिएको चेक/डाफ्ट/नगद जम्मा भौचर नथ्थी शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ।
६. कुनै पनि अवस्थामा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
७. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ। बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरिक्षण गर्न चाहनु हुने महानुभावहरुले यस संस्थामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ।
८. उक्त बिक्रीमा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर तथा अन्य शुल्क (पुँजिगत लाभकर बाहेक) खरिद गर्ने व्यक्ति वा पार्टी आफैंले तिर्नुपर्नेछ।
९. उल्लेखित सम्पत्ति लिइ सकेपछि सो को सम्पूर्ण जवाफदेही स्वयम् खरिदकर्ताको हुनेछ। धनी संस्थासँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइने छैन।
१०. बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै व्याज प्रदान गरिने छैन। साथै बोलपत्रको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन।
११. शिलबन्दी बोलपत्र यस संस्थाले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ। साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।
१२. थप जानकारीका लागि मोवाईल नम्वर ९८५६०३४६६५ र ९८५६०२११२६ मा सम्पर्क गर्न आग्रह गरिन्छ।

| बोलपत्र पेश गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने मिति |
|---|---|
| मितिः २०८३/०३/१५ गतेसम्म<br>स्थानः कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. (पोखरा १३ वडा कार्यालय अगाडि)<br>समयः बिहान १०:०० बजेदेखि बेलुका ०४:०० बजेसम्म | मितिः २०८३/०३/१६ गते<br>स्थानः कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. (पोखरा १३ वडा कार्यालय अगाडि)<br>समयः दिउँसो २:१५ बजे |

**कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
पोखरा-१३, कास्की, फोन नं. ०६१-५८५७९५, ०६१-५७६९८८, ०६१-५८०५६७

# पोखरामा ‘मिशन यूएसए एजुकेशन कन्सल्टेन्सी’ को नयाँ शाखा विस्तार

**पोखरापत्र संवाददाता**
पोखरा, १० असार




उच्च शिक्षाका लागि विदेश जान चाहने विद्यार्थीहरूलाई गुणात्मक परामर्श सेवा प्रदान गर्दै आएको प्रतिष्ठित संस्था ‘मिशन यूएसए एजुकेशन कन्सल्टेन्सी (प्रा.) लि.’ ले पोखरामा आफ्नो नयाँ शाखा विस्तार गरेको छ।

सन् २००८ मा स्थापना भई विगत लामो समयदेखि शैक्षिक परामर्शको क्षेत्रमा आफ्नो बलियो पहिचान बनाउन सफल यस कन्सल्टेन्सीको नयाँ शाखाको एक विशेष समारोहका बीच औपचारिक रूपमा शुभारम्भ गरेको हो। शाखको पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्की, स्वतन्त्र शैक्षिक परामर्श एसोसिएसन (फेकोन) काठमाडौंका अध्यक्ष उमेश कुश्वार र फेकोन गण्डकीका अध्यक्ष सुदन बस्नेतले संयुक्त रूपमा रिबन काटेर शाखाको विधिवत् शुभारम्भ गर्नुभएको थियो । पोखरा र समग्र गण्डकी प्रदेशका विद्यार्थीहरूका लागि यो शाखा कोशेढुङ्गा सावित हुने कार्यक्रमका वक्ताहरुले विश्वास व्यक्त गर्नुभयो। उहाँहरूले संस्थाको व्यावसायिक सफलताको कामना गर्दै पारदर्शी, गुणस्तरीय र विश्वसनीय परामर्श आजको मुख्य आवश्यकता रहेको औंल्याउनुभयो । मिशन यूएसएका संस्थापक संजय घिमिरेका अनुसार संस्थाको यो चौथो शाखा हो। बजारको माग र विद्यार्थीहरूको सेवालाई मध्यनजर गर्दै संस्थाले आफ्नो संजाल फैलाउने क्रममा पोखरामा पाइला टेकेको हो।

यसअघि जापानमा दुईवटा र काठमाडौंमा एउटा सफलतापूर्वक सञ्चालनमा आइसकेका छन् । नयाँ सञ्चालनमा आएको पोखरा शाखाको निर्देशक/संयोजक किरण बानियाँले अमेरिका लगायत अन्य देशमा पनि विद्यार्थीहरुको चाहना अनुसार पोखराम विस्तार गरिएको बताउनुभयो।

कार्यक्रममा पोखरा शाखाका निर्देशक तथा व्यवस्थापक कर्णबहादु विक, निर्देशक सावित्री केसी ले गुणस्तरिय परामर्शका लागि पोखरा आएको बताउनुभयो। विगत डेढ दशकभन्दा लामो अनुभव बोकेको यस कन्सल्टेन्सीले विशेषगरीअमेरिका,संयुक्तअधिराज्य, अष्ट्रेलिया, क्यानडा, युरोप, जापान र भारत जस्ता प्रमुख शैक्षिक गन्तव्यहरूका लागि उच्च शिक्षा परामर्श, भिसा आवेदन तथा अन्तर्वार्ता तयारी सम्बन्धी सेवाहरू प्रदान गर्दै आएको छ।

पोखरा शाखाबाट विद्यार्थीहरूले अन्तर्राष्ट्रिय स्तरका भाषा परीक्षाहरू जस्तै आईईएलटीएस र टोफेल लगायतको स्तरीय तयारी कक्षाहरूका साथै अनुभवी परामर्शदाताहरूबाट प्रत्यक्ष मार्गदर्शन प्राप्त गर्न सक्नेछन् । पोखरा र आसपासका क्षेत्रका विद्यार्थीहरूलाई आफ्नै शहरमा अन्तर्राष्ट्रिय स्तरको परामर्श सेवा दिने उद्देश्यले यो शाखा सञ्चालनमा ल्याइएको र यसले विद्यार्थीहरूको विदेश अध्ययनको सपनालाई सही र सुरक्षित मार्गनिर्देशन गर्ने प्रतिबद्धता संस्थाले जनाएको छ।